## ३

*[संवत् २०३८ सालको 'मदन पुरस्कार' 'माधवी' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री मदनमणि दीक्षितलाई समर्पण गर्न संवत् २०४० साल आश्विन २५ गते रोज ३ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन । यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क ८६ बाट उद्धृत गरिएको हो ।]*

अध्यक्षज्यू र बन्धुगण !

पुरस्कारसंस्थापिका सम्माननीया रानीसाहेबको आज्ञानुसार म उहाँको भाका बोल्दै छु । आज यहाँ आइदिने, बसिदिने, बोलिदिने, सुनिदिने, पाइदिने, लिइदिने, सबैलाई भागशान्ति धन्यवाद निवेदन गर्दछु। भरखर खड्गमान मल्लज्यूले बोल्नुभएकोले मलाई पनि एउटा सूझ आयो– यहाँ हामी नेपाली कविलेखक, साहित्यिक, नेपाली भाषाप्रेमी मात्र जम्मा छौं– अर्थात् यस पौरखको भाषामा सबै 'मदन'हरू ।❖ अब कुन मदनले कुन मदनलाई कति धन्यवाद दिने कति लिने ? यो धन्यवाद हामी सबैको सबै मदनहरूको माफ भयो, जसले जसलाई जति दिए पनि हुने जति लिए पनि हुने ।

एउटा कुराचाहिँ छ– यहाँ हामी सबै मदनहरू भए पनि एक जना विशिष्ट मदन हुनुहुन्छ, शरीरले उपस्थित नभए पनि भावमा उपस्थित । जसले नेपाली संसारमा जन्म लिइदिएर– नेपाली लेखक समुदायको मानमनितोको थालनी गरिदियो ।

❖ यस समारोहमा सदस्य-सचिवज्यूबाट धन्यवाद ज्ञापन हुनुभन्दा अगाडि मदन पुरस्कार पुस्तकालयले प्रकाशित गरेको "मदन पौरख" भन्ने किताप पुरस्कार-संस्थापिका रानी जगदम्बा देवीले त्यस वर्षको 'मदन पुरस्कार' प्राप्त गर्ने श्री मदनमणि दीक्षितलाई उपहार दिनुभै त्यसको बिक्री बितरणको शुभारम्भ गर्नुभएको थियो । यसै विषयलाई लिएर म.पु.गुठीका तत्कालीन सदस्य श्री खड्गमान मल्लले संक्षिप्त मन्तव्य दिनुहुँदै उक्त "मदन पौरख" भन्ने कितापमा मदन पुरस्कार पुस्तकालयमा दर्ता भएका झन्डै २५०० जना नेपाली कवि लेखकहरूको नाम र उनीहरूको कृतिहरूको लगत रहेको कुरा उल्लेख गर्नुभएको थियो र सदस्य सचिवज्यूले आफ्नो धन्यवाद ज्ञापनको प्रसङ्गमा यसैलाई संकेत गर्नुभएको हो । हेर्नू- 'नेपाली' अङ्क ८६, पृष्ठ ४२-४३ ।

उ त्यो मदन– लेफ्टिनेन्ट जनरल मदनशमशेर जङ्गबहादुर राणा, आज हामी उहाँलाई सम्झौं। उहाँलाई देख्नेले उहाँको त्यो राम्रो मुहार सम्झौं। नदेख्नेले उहाँको कीर्तिलाई सम्झौं– यो 'मदन पुरस्कार'लाई सम्झौं र कृतज्ञ हौं।

कृतज्ञ हुन हामीले खड्गमान मास्टरसाहेबको भाषामा आमा जगदम्बाको पनि हुनपर्थ्यो आजको दिन- तर म ऐले उहाँकै भाकामा बोलिराखेको हुँदा केही भन्नु उचित हुँदैन होला। भए पनि, सम्माननीय रथी भूपालमानज्यूले भरखर रानीसाहेबबारे भन्नुभएको कुरामा सबैले सही थाप्नुहोला भन्ने लाग्छ।

यो धन्यवाद र कृतज्ञताको औपचारिक जङ्गलबाट अब एकै छिन अङ्कको रमाइलो बगैंचामा घुम्न लैजाऊँ क्यारे तपाईंहरूलाई–

यो सानो पुस्तिका- यसमा अघि म एकैछिन घोरिँदै थिएँ- त्यहाँ मैले अङ्कहरूको रमाइलो जमघट देखें। यो पुरस्कारको स्थापना भएको २८ वर्ष भएछ– २०१२ सालमा– अनि पुरस्कार दिन थालेको चाहिँ २७ वर्ष। यी सत्ताइस वर्षमा हामीले ३७ ओटा पुरस्कार वितरण गरेछौं- पुरस्कार थाप्नेचाहिँ ३८ जना हुनुभएछ- पूरै १ कम दुई बीस विद्वान्हरू। पुरस्कारको रजत प्रमाण-पत्र बोक्ने मदन पुरस्कार अङ्कित यी नाइलीहरूचाहिँ जम्माजम्मी ४२ ओटा गएछन्– तर यी बयालीस नाइली र रजत-पत्रहरू जम्मा ३८ घरमा मात्र पुगे। यो रमाइलो गोलमालको सृष्टि गर्ने एक जना त यहीं उपस्थित हुनुहुन्छ– सत्यमोहन जोशीज्यू। उहाँ एक्लैले तीनोटा नाइली बोक्नुभएको छ। अर्को दुईओटा नाइली बोक्नेचाहिँ करुणाकर वैद्यज्यू उहाँ पनि यहीं ललितपुरकै निवासी हुनुहुन्छ। पुरस्कारको रकममा अरु रमाइलो भएको रहेछ। २०१२ सालमा यो पुरस्कार स्थापना गर्दा रानीसाहेबले तीन लाख रूपैयाँ गुठीमा राखिबक्सेको थियो। आजसम्म ऐले मदनमणिज्यूलाई जिम्मा लगाएको पच्चीस हजार रुपियाँसमेत जम्मा तीन लाख दस हजार रुपियाँ पुरस्कारस्वरूप वितरण भएछन्। अनि यो साथै रहेको गुठीको हिसाबको कागज हेर्नुभयो देख्नुहुनेछ– आज गुठीको सम्पत्ति दस लाखभन्दा बढी नै छ। उपनिषद्हरूमा भन्ने "पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते" सायद यही हो। यो पनि सम्भव भयो- उनै आमा जगदम्बाको कृपाले।

धन्यवाद ज्ञापनको कार्यक्रम भएकोले अब अन्त्यमा फेरि धन्यवाद गर्नेतिरै जाउँ क्यारे। अङ्ग्रेजीमा भन्छन् 'से इट विथ फ्लावर'- धन्यवाद दिँदा फूलले देऊ। त्योभन्दा पनि रमाइलो हुन्छ- 'से इट विथ मनी' अर्थपूर्ण धन्यवाद देऊँ। मलाई गुठीले आज यस्तै अर्थपूर्ण धन्यवाद ज्ञापन गर्ने अनुमति दिएको छ– अर्थपूर्ण- दुवै अर्थमा अभिधामा पनि व्यञ्जनामा पनि। यो २०४० सालदेखि मदन पुरस्कारको रकम पच्चीस हजारबाट बढाई तीस हजार पुऱ्याइएको छ– यो हाम्रा कविलेखकहरूलाई, 'पौरखी मदन'हरूलाई 'मदन पुरस्कार' गुठीको अर्थपूर्ण धन्यवाद हो। धन्यवाद !

■ ■ ■